महाशिला गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: ५ संख्या: ४ मितिः २०७९/०५/१०

# भाग-२

**महाशिला गाउँपालिका**

महाशिला गाउँपालिका

# महाशिला गाँउपालिकाको उच्च शिक्षा अध्ययन सहयोग सम्बन्धी कार्यविधि, २०७९

**प्रस्तावना:**

नेपालको संविधानको धारा ३१ को शिक्षा सम्बन्धी हकलाइ कार्यन्वयन गर्न तथा उच्च शिक्षामा अध्ययन तथा अनुसन्धान गर्ने अवसर उपलब्ध गराइ उच्च शिक्षाको गुणस्तर अभिवृद्धि गरी देशको शैक्षिक तथा प्राज्ञिक क्षेत्रलाई अझ बढी गुणस्तरीय, मर्यादित र उपलब्धिमूलक बनाउन तथा यस गाँउपालिकामा रहेका विपन्न तथा निम्न आयस्तर भएका विद्यार्थिहरुलाइ उच्च शिक्षामा सहज पँहुच पुर्याउनका लागि स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरि यो कार्यविधि बनाई लागु गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस कार्यविधिको नाम महाशिला गाँउपालिकाको उच्च शिक्षा अध्ययन सहयोग सम्बन्धी कार्यविधि, २०७९ रहेको छ।

(२) यो कार्यविधि गाँउ कार्यपालिकाले पारित गरेको मिति देखी लागु हुने छ।

**२. परिभाषा :** बिषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "कार्यविधि" भन्नाले महाशिला गाँउपालिकाको उच्च शिक्षा अध्ययन सहयोग सम्बन्धी कार्यविधि, २०७९ सम्झनु पर्दछ।

(ख) "गाँउकार्यपालिका" भन्नाले महाशिला गाँउकार्यपालिका सम्झनु पर्दछ।

(ग) "गाँउपालिका" भन्नाले महाशिला गाँउपालिका सम्झनु पर्दछ।

(ज) "अध्यक्ष" भन्नाले महाशिला गाँउकार्यपालिकाको प्रमुख सम्झनु पर्दछ।

(झ) "उपाध्यक्ष" भन्नाले महाशिला गाँउकार्यपालिकाको उप-प्रमुख सम्झनु पर्दछ।

(ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले महाशिला गाँउकार्यपालिकाको प्रमुख प्रशाकीय अधिकृत सम्झनु पर्दछ।

(ट) "विषय" भन्नाले इन्जिनियरिङ, डाक्टर, कृषि र भेटनरी विषयमा स्नातक तहका विषय भनी सम्झनु पर्दछ

**३. अनुदान पाउनका लागि अध्ययन गर्नुपर्ने विययहरु:**

अनुदान प्राप्त गर्नका लागि देहायको विषयमा स्नातक अध्ययनरत हुनुपर्नेछ।

क) डाक्टर

ख) इन्जिनियरिङ

ग) कृषि

घ) भेटनरी

**४. अनुदान प्राप्त गर्नका लागि आवश्यक कागजात तथा भुक्तानी प्रकृया :**

१) यो कार्यविधि लागु भएपछि डाक्टर, इन्जिनियरिङ,कृषि र भेटनरी विषयमा स्नातक अध्ययन गरिरहेका तथा अध्ययन गर्ने विद्यार्थिले नेपालको सम्बन्धन प्राप्त विश्वविद्यालय वा कलेजमा भर्ना भएको प्रमाण र महाशिला गाँउपालिकाको स्थायी ठेगाना भएको नागरिकताको प्रतिलिपि सहित अनुसुचि १ को ढाँचामा निवेदन दिनु पर्नेछ।

२) तोकिएको विषयमा अध्ययनरत विद्यार्थिले प्रति विद्यार्थि प्रति वर्ष रु १ लाखका दरले अधिकतम ४ शैक्षिक वर्षको रु ४ लाख सम्म अनुदान प्राप्त गर्न सक्नेछ। तर निजको वार्षिक कलेज शुल्क १ लाख भन्दा कम भएमा सोहि बमोजिम प्राप्त गर्न सक्नेछन।

(३) उक्त अनुदान प्राप्त गर्ने व्यक्तिले अध्ययन पश्चात गाँउपालिकामा २ वर्ष अनिवार्यसेवा प्रदान गर्नुपर्नेछ र सो वापत गाँउपालिकाले निजलाइ उचित पारिश्रमिक दिनुपर्नेछ। तर निजको योग्यता बमोजिमको अवसर गाँउपालिकाले दिन नसकेमा निज सेवा गर्न वाध्यकारी हुने छैन।

(४) यस्तो अनुदान सहयोग प्राप्त गर्न तोकिएबमोजिम भन्दा बढी निवेदन प्राप्त हुन आएमा निजहरुको आर्थिक अवस्था समेत मुल्याङ्कन गरी निर्देशक समितिको शिफारिसमा कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ।

(५) यस कार्यविधि बमोजिम छनोट भै छात्रावृत्तीको सुविधा प्राप्त गरेका विद्यार्थीहरुले छात्रावृत्ती प्राप्ती गरेको शैक्षिक सत्र/सेमेस्टर उत्तीर्ण गरेको लव्धाङ्क पत्र पेश गरेमा दोस्रो वर्षको लागि निरन्तरता दिइने छ ।

**५. समिति गठन :**

(१) गाउँकार्यपालिकाको निर्णय बमोजिम खुलाइएको सूचना अनुसार रित पूर्वक पेश हुन आएका निवेदनहरुको यस कार्यविधि बमोजिम छनोट गर्नको लागि देहाय बमोजिमको समिति रहने छ ।

क) गाउँपालिकाको वरिष्ठ सामाजिक विकास अधिकृत - संयोजक

ख) लेखा शाखा प्रमुख - सदस्य

ग) शिक्षा शाखा प्रमुख - सदस्य सचिव

समितिले आवश्यकता अनुसार शाखा प्रमुखलाइ आमन्त्रण गर्न सक्नेछ ।रितपूर्वक पेश भएका निवेदनहरुबाट यस कार्यविधि बमोजिमको शर्त पुरा गरेका आवेदकहरु छनोट गरि निर्णायार्थ कार्यपालिकामा पेश गर्नेछ । कार्यपालिकामा सो सम्वन्धमा विस्तृत अध्ययन गरि उपयुक्त निर्णय गर्न सक्नेछ ।

(२) गाँउपालिकाबाट प्रदान गरिएको अनुदान रकमको सदुपयोग भए नभएको अनुगमन सुपरिवेक्षण गरी आवश्यकता अनुसार निर्देशन दिनका लागि देहाय बमोजिमको निर्देशक समिति रहनेछ। ।

(क) गाउँपालिकाका अध्यक्ष -संयोजक

(ख) सामाजिक विकास समितिका संयोजक सहित कार्यपालिकामा प्रतिनिधित्व गर्ने १ जना महिला सहित कम्तिमा ३ जना -सदस्य

(ग) शिक्षा शाखा प्रमुख -सदस्य सचिव

**६. थपघट, हेरफेर वा संशोधन:** गाउँसभा /कार्यापालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार थपघट वा हेरफेर वा संशोधन गर्न सक्नेछ ।

**७. बाधा अड्काउ फुकाउ:** यो कार्यविधि कार्यान्वयको सम्बन्धमा कुनै बाधा अड्काउ परेमा यस कार्यविधिको मूलमर्म प्रतिकूल नहुने गरि गाउँ कार्यापालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ ।

अनुसुचि -१

दफा ४ को खण्ड १ सँग सम्बन्धित

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू

महाशिला गाँउपालिका

बालाकोट, पर्वत

विषयः- उच्च शिक्षा अध्ययन अनुदान सम्बन्धमा।

महाशय,

उपर्युक्त सम्बन्धमा महाशिला गाँउपालिकाको महाशिला गाँउपालिकाको उच्च शिक्षा अध्ययन सहयोग सम्बन्धी कार्यविधि, २०७९ बमोजिम अनुदान प्राप्त गर्नका लागि म निवेदक ..................ले ..................... क्याम्पसबाट आ.व ...........मा ............................विषय अध्ययन गरिरहेकोले उक्त अनुदान प्राप्त गर्नका लागि महाशिला गाँउपालिकाको उच्च शिक्षा अध्ययन सहयोग सम्बन्धी कार्यविधि, २०७९ को दफा ४ को देहाय (३) बमोजिम कवुलियतना सहित आवश्यक कागजातहरु यसै निवेदन साथ पेश गरेको छु। सो बमोजिम उच्च शिक्षा अध्ययनका लागि अनुदान उपलब्ध गराइदिनुहुन विनम्र अनुरोध गर्दछु।

निवेदक

**आज्ञाले,**
**हरि प्रसाद पराजुली**
**प्रमुख प्रशासकीय अधिकृत**

महाशिला गाँउपालिका